# एपेक्स हस्पिटालिटी लिमिटेड

का.म.न.पा.वडा नं.०१, नक्साल, काठमाडौं

फोन नं +९७७-१-४५३२२७२, +९७७-६५-५९०७८८

# चौथो वार्षिक साधारण सभा सम्बन्धि सूचना

**(दोश्रो पटक प्रकाशित मितिः २०८२ भाद्र १२ गते)**

कम्पनिको मिति २०८२।०४।२० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस एपेक्स हस्पिटालिटी लिमिटेडको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण संचालक सदस्य, संस्थापक शेयरधनी महानुभावहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा उपस्थितीको लागि पत्र पठाइ सकेको व्यहोरा अनुरोध गर्दै उक्त पत्र प्राप्त नभएको खण्डमा यसै सुचनालाई आधार मानी उपस्थित भइ सभाको गरिमा बढाईदिनु हुन विनम्र अनुरोध गर्दछ।

## चौथो वार्षिक साधारण सभाहुने मिति, समय र स्थान

**मितिः** २०८२ साल भाद्र १९ गते, बिहीवार
**समयः** बिहान ११:०० बजे
**स्थानः** सिद्धार्थ बुटिक होटेल, का.म.न.पा.वडा नं. ०६, बौद्ध, काठमाडौं

**सभामा छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):**

**क. साधारण प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१।०८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११, बमोजिम आ.व. २०८२।०८३ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिमा संचालक सदस्य नियुक्ति, अनुमोदन गर्ने सम्वन्धमा।
५. संचालक समितिको तर्फवाट आ.व.०८१।०८२ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा।
६. वार्षिक साधारण सभाको माइन्युटमा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्वन्धमा।
७. विविध विषयमा छलफल।

**ख. विशेष प्रस्तावहरुः**

१. कम्पनीको स्वीकृत प्रवन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधन गर्न निर्देशन भएको खण्डमा सोही बमोजिम मात्र थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने।

**ग. विविध।**

**बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरुः**

१. साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब, मिति २०८२/०५/१० (२६ अगष्ट २०२५) गते बन्द हुनेछ।
२. कम्पनीको संचालक समितिको बैठकबाट निर्णय भै श्री कम्पनी रजिष्ट्रारको कार्यलयमा मिति २०८२/०५/१० (२६ अगष्ट २०२५) गते सम्म शेयर कारोबार गरी नामसारी दा.खा. भै आएका शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा मतदान योग्य हुनेछन्।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले आफ्नो परिचय खुल्ने प्रमाण कागज, शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ। अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाईने छैन।
४. शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ।
५. उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुनेछ।
६. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ। यस्तो प्रोक्सी फाराम साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नु पर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ।
७. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ।
८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौ महानगरपालिका वडा नं. ०१, नक्साल काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ। साथै थप जानकारी कम्पनीको वेब साइट www.apexhospitality.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ।

**अध्यक्षज्युको आज्ञाले**
**कम्पनि सचिव**